नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
प्रबन्ध महाशाखा
हलचोक काठमाण्डौं

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. APF/NCB/G/09/2075/076**

सूचना प्रकाशित मिति २०७५।१०।२० गते ।

१. आ.ब. २०७५/०७६ मा सशस्त्र प्रहरी बल, नेपालको लागि आवश्यक भएका देहाय बमोजिमका मालसामानहरु सम्बन्धित महलमा उल्लेख भए बमोजिमको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बोलपत्र आव्हान सूचना नं. | मालसामानको विवरण | परिमाण तथा इकाई | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्रको माध्यम |
|---|---|---|---|---|---|---|
| १. | APF/NCB/G/09/01/2075/076 | बिभिन्न किसिमका फर्निचरहरु | बोलपत्र कागजातमा उल्लेख भए बमोजिम | ३,०००/- | ३,९५,०००/- | e-bidding को माध्यमबाट मात्र |
| २. | APF/NCB/G/09/02/2075/076 | संचार संग सम्बन्धित मालसामनहरु | | ३,०००/- | ९७,०००/- | सिलबन्दी बोलपत्रको माध्यमबाट मात्र |
| ३. | APF/NCB/G/09/03/2075/076 | विभिन्न हात-हतियार सर-सफाईका सामानहरु | | ३,०००/- | ५४,०००/- | |

२. बोलपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर, काठमाण्डौमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०७५/११/२१ गते कार्यालय समय भित्र क्र.सं. २ र ३ मा उल्लिखित मालसामानहरुको बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

३. बोलपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३, यस कार्यालयको कोड नं. २७-३१४-५४ मा तोकिएको बोलपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको "क" बर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात १२० दिन हुनु पर्नेछ ।

४. Pre Bid Meeting मिति २०७५/११/१० गते १३:०० बजे यस कार्यालयमा हुनेछ ।

५. मिति २०७५/११/२२ गते १२:०० बजे भित्र माथि बोलपत्रको माध्यमको महलमा उल्लेख भए बमोजिम सिलबन्दी दर्ता वा e-submission गरी सक्नु पर्नेछ । सिलबन्दी दर्ता वा e-submission भएका बोलपत्रहरु सोही दिनको १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा प्रबन्ध महाशाखामा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ ।

७. बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. बोलपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम हुनेछ ।

९. बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं.०१-४२८९७४९ मा सम्पर्क गर्न सकिने छ । साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np र www.ppmo.gov.np मा समेत हेर्न सकिने छ ।

१०. e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि :

क. यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal www.bolpatra.gov.np/egp बाट माथि उल्लेखित बिभिन्न किसिमका फर्निचरहरु खरिद सम्बन्धी e-bidding को कार्य गरिने हुँदा उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

ख. बोलपत्रसाथ पेश गर्नु पर्ने आवश्यक सम्पूर्ण कागजातहरु मिति २०७५/११/२२ गते १२:०० बजे भित्र PDF Format मा www.bolpatra.gov.np/egp मा Scanned Copy Upload गर्नुपर्नेछ । साथै बोलपत्र फाराम दस्तुर बापतको रकम महालेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित राजश्व खाता नं. १०००२०००१०००० मा राजश्व शिर्षक नं. १४२२९, कोड नं. ३१४०५३५१० मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नु पर्नेछ ।

ग. बोलपत्रदाताले पेश गरेको Online बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी (Login) गरी Online फिर्ता लिन वा संशोधन गर्न सक्नेछन ।

घ. बोलपत्रदाताले पेश गर्नु पर्ने आवश्यक सम्पूर्ण कागजातहरु Upload नगरी आंशिक मात्रै Submit गरेको पाइएमा उक्त बोलपत्र अयोग्य भएको मानिनेछ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको बोलपत्र Upload भएको नदेखिएमा, Upload भएको कागजात स्पष्टसंग नबुझिएमा, Download हुन नसकेमा वा नभएमा एवं Download भएको कागजात नखुलेमा यस कार्यालय जवाफदेही हुने छैन ।